# लोक सेवा आयोग
## जलेश्वर कार्यालय

जलेश्वर, महोत्तरी


## शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. १८९।०७९-८०, मितिः २०८०।०३।०३**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको **विज्ञापन नम्बर १६६९९-१६७०५।२०७९-८० (खुला तथा समावेशी)**, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवाको संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदमा **जलेश्वर परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका र जलेश्वर परीक्षा केन्द्र परिवर्तन गरेका** उम्मेदवारहरूको नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गर्ने गराउने गरी निम्न मिति र समयमा निम्नानुसारका परीक्षा भवनहरुमा प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन।उम्मेदवारहरुले लोक सेवा आयोगको पूर्व सूचना अनुसार पुनः आवेदन (Re-Apply) गरेपछि कायम भएको रोल नम्वर समावेश भएको प्रवेशपत्र लिई परीक्षा दिन जानुपर्ने छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १(एक) घण्टा अगावै पुग्नु पर्नेछ।परीक्षाथीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

| परीक्षा कार्यक्रम | | | | |
|---|---|---|---|---|
| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
| प्रथम | प्रशासनिक अभिरुचि परीक्षण (Administrative Aptitude Test) | वस्तुगत (Objective): वहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | २०८०।०३।१६ गते बिहान ११:०० बजे | १ घण्टा ३० मिनेट |

| लिखित परीक्षा भवन | | | | |
|---|---|---|---|---|
| क्र.सं. | रोल नम्बर | | संख्या | परीक्षा भवन |
| | देखि | सम्म | | |
| १ | १५०००१ | १५०२०० | २०० जना | श्री विणा विद्या मन्दिर, जलेश्वर केन्द्र |
| २ | १५०२०१ | १५०४५० | २५० जना | श्री ल.च.मु.मा.वि., जलेश्वर केन्द्र |
| ३ | १५०४५१ | १५०७०० | २५० जना | श्री एडभान्स लर्नर हिमालय ई.बो. स्कुल, जलेश्वर केन्द्र |
| ४ | १५०७०१ | १५०९०० | २०० जना | श्री साउथ एसियन क्या, ई.बो. स्कुल जलेश्वर केन्द्र |
| ५ | १५०९०१ | १५११०० | २०० जना | श्री महेन्द्र आदर्श महिला मा.वि, जलेश्वर केन्द्र |
| ६ | १५११०१ पछिका सबै उम्मेदवार र परीक्षाकेन्द्र परिवर्तन गरेका सबै उम्मेदवारहरु | | | श्री रा.वि.म.क्याम्पस, जलेश्वर केन्द्र |

# लोक सेवा आयोग
## जलेश्वर कार्यालय

जलेश्वर, महोत्तरी


द्रष्टव्य १:-

१. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

२. **परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ। साथै उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन।**

३. जलेश्वर परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका र जलेश्वर परीक्षा केन्द्र परिवर्तन गरेका बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरुलाई परीक्षामा सामेल गराईने छैन।

४. परीक्षा भवनमा झोला, मोवाइल फोन र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ। परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।

५. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा पुनः आवेदन (Re-Apply) गरेपछि कायम भएको रोल नम्बर समावेश भएको प्रवेशपत्र लिई भवनमा आइपुग्नुपर्नेछ।

६. परीक्षामा प्रवेशपत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ।

द्रष्टव्य २:- कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरु

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ।

२. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ।

४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्नेगर्नु हुँदैन।

५. कोभिड-१९ बाट सक्रमित परीक्षार्थीहरुका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी कार्यालयको टेलिफोन नं. ०४४-५२०१४७ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ।

(मुक्त नारायण श्रेष्ठ)
कम्प्युटर अपरेटर

(कृष्ण राज गिरी)
नायव सुब्बा

(कुलप्रसाद सापकोटा)
उपसचिव